शंखरापुर नगरपालिकाद्वारा प्रकाशित

स्थानीय राजपत्र

खण्डः८ संख्याः५ मितिः२०८२/१०/१४

भाग - २

स्वीकृत मितिः २०८२/१०/१२

शंखरापुर नगपालिकाको लागत साझेदारीमा सञ्चालन हुने पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि- २०८२

प्रस्तावना

देशको अर्थतन्त्रमा महत्वपूर्ण स्थान ओगटेको पशुपालन व्यवसायलाई मर्यादित एवम् व्यावसायिक बनाउँदै स्वच्छ, स्वस्थ एवम् गुणस्तरीय पशु तथा पशुपन्छीजन्य उत्पादनहरु आम उपभोक्ता समक्ष सहजरुपमा पुग्न सक्ने वातावरण सिर्जना गर्न तथा साना किसानलाई पशुपालनको माध्यमबाट उद्यमशिल बनाई आर्थिक अवस्था सुदृढ गर्ने उद्देश्यकासाथ यस नगरपालिकाबाट सञ्चालन हुने अनुदानका कार्यक्रमहरुमा ७५ प्रतिशत लागत अनुदान प्रदान गर्ने सम्बन्धमा शंखरापुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

परिच्छेद १

१. **संक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम "लागत साझेदारीमा सञ्चालन हुने पशु विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" हुनेछ ।

ख. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिबाट लागु हुनेछ ।

२. **परिभाषाः**

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क. "नगरपालिका" भन्नाले शंखरापुर नगरपालिकालाई सम्झनुपर्दछ ।

ख. "सम्बन्धित शाखा" भन्नाले शंखरापुर नगरपालिका पशु विकास शाखालाई सम्झनु पर्दछ र सो शब्दले नगरपालिका अन्तर्गत वडास्तरमा रहेका पशु सेवा केन्द्रलाई समेत जनाउँदछ ।

ग. "लाभग्राही" भन्नाले २५ प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि इच्छुक कृषक/ फार्म/सहकारी/संघ/संस्था र निजी क्षेत्रलाई समेत जनाउँदछ ।

घ. "गैर-सरकारी क्षेत्र" भन्नाले नेपाल सरकारको सम्बन्धित निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समुह/समिति, सहकारी संस्था, सामुदायिक संस्था, व्यावसायिक संगठन, फर्म, कम्पनी एवम् निजी उद्यमी समेतलाई जनाउँदछ ।

ङ. "सहकारी भन्नाले" शंखरापुर नगरपालिकाको सहकारी दर्ता तथा नियमन ऐन, २०७४ तथा सहकारी ऐन, २०७४ अनुसार गठित सहकारी संस्थालाई सम्झनु पर्दछ ।

च. "प्रस्ताव" भन्नाले कुल लागतको २५ प्रतिशत साझेदारीमा कार्यक्रम सञ्चालन गर्नको लागि आवश्यकता अनुसार लाभग्राहीले पेश गरेको विस्तृत लागत अनुमान सहितको कार्यविवरणलाई सम्झनु पर्दछ ।

छ. "द्विपक्षीय सम्झौता" भन्नाले नगर कार्यपालिकाको कार्यालय र लाभग्राहीहरुका बिच क्रमशः ७५ र २५ प्रतिशत अनुदानमा सञ्चालन

हुने कार्यक्रम साझेदारीमा सम्पन्न गर्नका लागि गरिएको सम्झौता पत्र सम्झनु पर्दछ ।

परिच्छेद २

३. साझेदारी सम्बन्धी व्यवस्थाः

क) शंखरापुर नगरपालिकाले वार्षिक स्वीकृत कार्यक्रम र बजेट बमोजिम निम्न कार्यक्रमहरु सञ्चालन गर्नका लागि साझेदारी गर्न र गराउन सक्नेछ ।

क्र.सं.	कार्यक्रम	लाभग्राहीहरु
१	गोठ/खोर मर्मत/निर्माण/सुधार कार्यक्रम	पशुपालक कृषक/समुह/समितिहरु
२	दूग्ध प्रशोधन तथा विविधीकरण	व्यावसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु
३	मासु तथा डेरी पसल सुधार	मासु तथा डेरी पसल, व्यवसायी, समूह, समिति, सहकारीहरु
४	प्रजननयोग्य पशुहरु वितरण	व्यावसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु
५	पशु सेवा कार्यक्रम सम्बन्धी यन्त्र उपकरणहरु खरिद र वितरण	व्यावसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु
६	पशुपालनमा असल अभ्यास कार्यक्रम	व्यावसायिक पशुपालक कृषक, समूह, समिति, सहकारीहरु
७	अन्य कार्यक्रमहरु	नगरपालिकाबाट स्वीकृत अन्य कार्यक्रमहरु

सम्भावित साझेदाहरुको छनौट गर्दा दफा ४ (क) मा उल्लेखित लाभग्राहीहरुलाई प्राथमिकता प्रदान गरिनेछ । ७५ प्रतिशत अनुदान कार्यक्रम अन्तर्गत प्रस्ताव छनौट गर्दा विगत २ बर्ष भित्र सोही प्रकृतिको अनुदान नगरपालिका/प्रदेश सरकार/सङ्घीय सरकारबाट लिईसकेको लाभग्राहीलाई कार्यक्रमका लागि पुनः छनौट गरिने छैन ।

४. लागत साझेदारीमा सञ्चालन गर्न सकिने क्रियाकलापहरु

क. गोठ/खोर सुधार कार्यक्रमका लागि अनुदान रकम उपलब्ध हुने क्षेत्र:

अ. गोठ/खोर (पशु बस्ने ठाउँ निर्माण/सुधार, काउ म्याटको व्यवस्था, दानापानी खाने/राख्ने ठाउँ, मल मुत्र बग्ने ठाउँ, भकारो जम्मा हुने ठाउँ) निर्माण तथा मर्मत संभार ।

आ. किरा झिंगा नपस्ने व्यवस्था र अन्य जैविक सुरक्षाका विधि अवलम्वन गर्न ।

ख. दुग्ध प्रशोधन तथा विविधीकरणका लागि अनुदान रकम उपलब्ध हुने क्षेत्र:

अ. डेरी प्रशोधन तथा विविधीकरणका लागि भवन निर्माण र सुधार

आ. साना डेरी/दुध सङ्कलन तथा प्रशोधन केन्द्रमा प्रयोग हुने औजार उपकरणहरु पाश्चराइजेशन मेशिन, चिलिङ्ग भ्याट, ढुवानी साधन, जेनेरेटर, मिल्क एनालाईजर, डिजिटल ब्यालेन्स, मिल्क क्यान, मिल्क प्याकेजिङ्ग मेशिन, डिप फ्रिज, चिज मेकर, क्रिम सेपरेटर तथा दुग्धजन्य पदार्थ विविधीकरणका लागि आवश्यक औजार उपकरणहरु खरिद गर्न ।

इ. बिजुली बत्ति, ढल निकास, ओभरहेड टयाङ्की, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्ने मेशिन आदि ।

ग. मासु तथा डेरी पसल सुधार कार्यक्रमका लागि अनुदान रकम उपलब्ध हुने क्षेत्र

अ. मासु तथा डेरी पसलमा प्रयोग हुने औजार उपकरणहरु मिल्क एनालाइजर, डिजिटल ब्यालेन्स, मिल्क क्यान, प्याकेजिङ्ग मेशिन, फ्रिज तथा अन्य आवश्यक औजार उपकरणहरु र पसल निर्माण/सुधारका लागि गरिने पूर्वाधारहरु लगायत अन्य आवश्यक कार्यहरु समेत ।

घ. प्रजनन्योग्य बीउ पशुहरु खरिदः

अ. यो कार्यक्रम अन्तर्गत प्रजननको लागि उन्नत जातका राँगो, बोका तथा बहर ।

ङ. मेसिन, यन्त्र, उपकरण

अ. वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिमका सामग्री, यन्त्र, उपकरणहरु खरिद तथा वितरण ।

च. पशुपन्छी पालनमा असल अभ्यास कार्यक्रम

अ. यस अन्तर्गत व्यावसायिक पशुपन्छी तथा मत्स्य पालनमा उपयुक्त नविन प्रविधि तथा व्यवस्थित र उच्च मूल्यका पशुपन्छी (कालिज/बँदेल आदि समेत) पालनको लागि आवश्यक पर्ने पशुपन्छी, सामग्री।

परिच्छेद ४

कार्यक्रम सञ्चालन

५. कार्यक्रम सञ्चालन प्रक्रिया :

क. शंखरापुर नगरपालिकाले वार्षिक स्वीकृत कार्यक्रम अनुसार अनुसूची-१ बमोजिम १५ दिने सार्वजनिक सूचना प्रकाशन गरी ७५ प्रतिशत लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान गर्नेछ ।

ख. इच्छुक लाभग्राहीहरुले सूचनामा उल्लेख भए बमोजिमको अवधि भित्र अनुसूची-२ बमोजिमको निवेदन, अनुसूची-३ बमोजिमको संक्षिप्त व्यावसायिक कार्ययोजना, अनुसूची-४ बमोजिमको लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र, सहित निर्धारित समय सिमाभित्र सम्बन्धित कार्यालयमा प्रस्ताव दर्ता गर्नुपर्नेछ । निर्माण तथा मर्मत संभार गर्नुपर्ने कार्यक्रमको हकमा प्राविधिक लागत अनुमान अनिवार्य पेश गर्नुपर्नेछ ।

ग. रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिने छैन ।

घ. म्याद थप सम्बन्धी व्यवस्था: सम्बन्धित लागत साझेदारी कार्यक्रमको लागि दर्ता हुन आएका प्रस्तावहरु उल्लेखित समय सिमाभित्र कुनै पनि कारणवश वार्षिक लक्ष्य पुग्ने गरी छनौट हुने संख्यामा दर्ता हुन नआएको खण्डमा म्याद थपको लागि ७ दिने सूचना प्रकाशन गरिनेछ ।

६. प्रस्ताव छनौटः

क. दफा ५ बमोजिमका कार्यक्रम सञ्चालनको लागि पेश हुन आएका प्रस्तावहरु छनौट गर्नका लागि एक प्रस्ताव छनौट समिति रहनेछः—

प्रस्ताव छनौट समितिः

१. नगर प्रमुख - संयोजक
२. नगर उप प्रमुख - सदस्य
३. प्रमुख प्रशासकीय अधिकृत - सदस्य
४. संयोजक, आर्थिक विकास समिति - सदस्य
५. उप-शाखा प्रमुख, पशु विकास उप-शाखा -सदस्य सचिव
६. वडास्तरीय कार्यक्रमको हकमा सम्बन्धित वडाको वडा अध्यक्ष र पूर्वाधार निर्माणको हकमा ईन्जिनियर आमन्त्रित सदस्यको रुपमा रहने छन्।

७. छनौट समितिको काम कर्तव्य र अधिकार : छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ ।

क. प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने ,
ख. लाभग्राहीको छनौट गर्ने ,
ग. समितिको बैठक सम्बन्धी प्रावधान समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

८. छनौट प्रक्रिया

क. रित पूर्वक दर्ता भएका आवेदनहरुको समितिले अनुगमन गरी प्राप्त प्रतिवेदनको आधारमा प्राथमिकीकरण गरी छनौट गर्नेछ ।

९. द्विपक्षीय सम्झौताः

क. छनौट भएका आवेदकहरुसँग अनुसूची ६ बमोजिमको द्विपक्षीय सम्झौता गरिनेछ ।
ख. द्विपक्षीय सम्झौतामा उल्लेखित बुँदाहरुलाई साझेदारी कार्यक्रम सञ्चालनको मूल आधार मानिनेछ ।

१०. भुक्तानी प्रक्रियाः

क. कार्यक्रम सञ्चालनको लागि छनौटमा परेका लाभग्राहीलाई पेश्की रकम उपलब्ध गराईने छैन ।

ख. प्रतिशत लागत सहभागिता रकम कट्टा गरी बाँकी ७५ प्रतिशत अनुदान रकम नियमानुसार भुक्तानी गरिनेछ ।

<u>तपसिल</u>

क. पूर्वाधार निर्माण तथा मर्मत सम्भारको हकमा प्राविधिक कार्य सम्पन्न प्रतिवेदन

ख. वडा कार्यालयको सिफारिस पत्र।

ग. आवश्यक बिल भरपाई

घ. अनुदान कार्यक्रम सञ्चलान भएको स्थानको तीन चरणको(काम शुरु गर्नुअघि, काम गर्दै गर्दाको र काम सम्पन्न पश्चातको) फोटो ३ प्रति

ङ. समूह वा संस्थाको हकमा कार्यसमितिको बैठकको कार्यसम्पन्न भएको निर्णयको प्रतिलिपि

च. भुक्तानीको लागि निवेदन।

छ. कार्य सम्पन्न पश्चात गरिएको अनुगमन प्रतिवेदन

११. भुक्तानी दिन बाध्य नहुनेः

क. सम्झौता बमोजिम कार्य सम्पन्न नगरेमा नगरपालिकाले त्यस्ता लाभग्राहीलाई भुक्तानी दिन बाध्य हुनेछैन ।

ख. सम्झौतामा उल्लेखित अवधि भित्र कार्यसम्पन्न गरी भुक्तानी लिन नआएमा भुक्तानी दिन बाध्य हुनेछैन ।

परिच्छेद ५

विविध

१२. **विविधः**

क. यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रम कार्यान्वयनका दौरान कुनै भ्रम वा विवाद सृजना भए समितिको निर्णय अन्तिम हुनेछ।

ख. सम्बन्धित लाभग्राहीले नगरपालिका मातहतबाट हुने अनुगमन, निरीक्षण, तालिम र अवलोकन भ्रमणमा पूर्ण सहयोग गर्नुपर्नेछ ।

ग. कार्यक्रम कार्यान्वयन सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएको हकमा सोहि बमोजिम र अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

घ. अनुदान रकमको सदुपयोग भए नभएको निरीक्षण गर्दा अनुदान रकम दुरुपयोग भएको पाइएमा त्यस्ता लाभग्राहीलाई कालोसूचीमा राखी कारवाहीको दायरामा ल्याइनेछ र सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।

१३. **आर्थिक पक्षः**

कार्यक्रमको लेखा, लेखाङ्कन, लेखा परीक्षण तथा आर्थिक कारोबार गर्दा विद्यमान आर्थिक ऐन, नियमावली, सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम गरिनेछ ।

१४. **बचाउ तथा खारेजीः देहाय बमोजिमको कार्यविधि बमोजिम भए गरेको कार्य यसै कार्यविधिद्वारा भए गरेको मानी देहाय बमोजिमको कार्यविधि खारेज गरीएको छ ।**

क. ५० प्रतिशत अनुदानमा सञ्चालन हुने पशु सेवा कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९

ख. साझेदारीमा नमुना गाईपालन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

ग. मासु तथा डेरी पसल कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

घ. गाईभैंसी गोठ सुधार कार्यक्रम सञ्चालन कार्यविधि, २०७९

ङ. बाँझोपन निवारण शिविर कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७

च. यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन कार्यपालिकाले आवश्यक्तानुसार थपघट, हेरफेर तथा खारेजी गर्न सक्नेछ ।

१५. बाधा अडचन फुकाउने :

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

अनुसुची (१)

दफा ५ (क) सँग सम्बन्धित

शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय,पशु विकास उप-शाखाको

प्रस्ताव आह्वान सम्बन्धी

सूचना

प्रथम पटक प्रकाशित मिति २०.../.../...

शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, पशु विकास उप-शाखाको आ.व. २०.../..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहायका कार्यक्रमहरु सञ्चालनका लागि नगरपालिका अन्तर्गत रहेका व्यावसायिक पशुपालक कृषक/समुह/समिति/सहकारी/पशुपन्छी फार्महरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले.....औं दिन अर्थात मिति २०..../...../.....गते कार्यालय समयभित्र तोकिएको ढाँचा अनुसार आवेदन दिन हुनका लागि यो सूचना प्रकाशित गरिएको छ । रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश गरिनेछैन । थप जानकारीका लागि शंखरापुर नगरपालिका पशु विकास उप-शाखामा सम्पर्क राख्न सकिनेछ ।

सञ्चालन हुने कार्यक्रमहरुः

क्र.सं.	कार्यक्रमको नाम	ईकाइ	परिमाण	कार्यक्रम सञ्चालन हुने क्षेत्र	कैफियत

आवेदनका साथ संलग्न हुनुपर्ने कागजातहरुः

१. अनुसुची २ बमोजिमको निवेदन

२. नागरिकताको प्रतिलिपि

३. कृषक/समुह/समिति/सहकारी/फार्म दर्ता सम्बन्धी कागजातको प्रतिलिपि

४. समुह/समिति/सहकारी भए आवेदन पेश गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि

५. सम्बन्धित विषयमा तालिम लिएको भए तालिम सम्बन्धी कागजातको प्रतिलिपि

६. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

७. समुह/समिति/सहकारीको हकमा PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि

८. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

९. अनुसुची ३ बमोजिमको व्यावसायिक योजना र प्राविधिक लागत अनुमान

अनुसुची (२)
दफा ५ (ख) सँग सम्बन्धित
आवेदन-पत्र

मितिः .....

श्री .....

विषय: अनुदान कार्यक्रममा सहभागी हुन पाउँ बारे ।

महोदय,

शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, पशु विकास उप-शाखाको मिति ..... गते..... मा प्रकाशित सूचना अनुसार ..... कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वान गरिए बमोजिम उक्त कार्यक्रममा सहभागी हुन निम्नानुसार कागजात राखी यो प्रस्ताव पेश गरेको छु/ छौं । अनुदान र स्वलगानी रकमले शर्त अनुसारका कार्यहरु सम्बन्धित वडा भित्रै रही गर्ने प्रतिबद्धता गर्दछु/छौं ।

संलग्न कागजातहरु

१. नागरिकताको प्रतिलिपि
२. कृषक/समुह/समिति/सहकारी/फार्म दर्ता सम्बन्धी कागजातको प्रतिलिपि
३. आवेदन पेश गर्ने सम्बन्धमा भएको निर्णयको प्रतिलिपि
४. तालिम सम्बन्धी कागजातको प्रतिलिपि
५. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
६. PAN दर्ता प्रमाण पत्रको प्रतिलिपि
७. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

८. व्यावसायिक योजना र प्राविधिक लागत अनुमान

निवेदक:

दस्तखतः

मितिः

सम्पर्क नं:

संस्थाको छापः

अनुसुची-३

(दफा ५(ख) सँग सम्बन्धित)

व्यवसायीक योजना

१आवेदक. सम्बन्धी विवरण :

आवेदकको नाम	
ठेगाना	
आवेदक संस्थाको किसिम कुनै एकमा) (चिन्न लगाउने	१कृषक समूह . २ सहकारी . ३ दर्तावाल फर्म . ४ कृषक .
प्रोपाइटर वा अध्यक्षको नाम	
संस्था दर्ता भएको मिति	
स्थाई लेखा नं.	
संस्थाको मुख्य उद्देश्य	
कार्यक्रम सञ्चालन हुने स्थान	
अन्य श्रोत वा वित्तीय सहकार्यमा कुनै काम भईरहेको भएको संस्थाबाट के उद्देश्यको लागि वित्तीय सहयोग प्राप्त गर्नु भएको भए खुलाउनुहोस	
विगत २ वर्षमा शंखरापुर नगरपालिका वा अन्य कुनै निकायबाट अनुदान प्राप्त गरेको भए सो को विवरण	

२ .हालको व्यावसायिक विवरण :

क्र.सं.	व्यवसाय	क्षेत्रफ़ल वा संख्या	उत्पादन परिमाण	उत्पादन मूल्य	प्रविधि प्रयोग	कैफियत

१. व्यावसायिक योजना

क्र.स.	क्रियाकलापको विवरण	परिमाण	अनुमानित लागत		कुल रकम	सम्पन्न गर्न लाग्ने अवधि	कैफियत
			आफुले व्यहोर्ने	माग गरिएको			
पुँजीगत तर्फ							
१.							
२.							
३.							
अन्य कार्यहरु							
१.							
२.							
३.							

कार्यक्रम सञ्चालनबाट प्राप्त हुने उपलब्धीहरुः

बजार योजनाः

नवीनतम सोच र दिगोपनाः

२) आर्थिक प्रस्ताव

प्रस्तावमा उल्लेखित क्रियाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण ;

क्र. स.	मुख्य मुख्य कृयाकलाप हरु	इकाई	परिमाण	प्रति इकाई दर रु.	कुल लागत रु.	प्रस्तावक को योगदान रु.	माग गरिए को अनुदान रकम रु.	प्रस्तावक ले व्यहोर्ने रकमको श्रोत
१.								
२.								
३.								
जम्मा (रु.)								
भ्याट (रु.)								
कुल जम्मा (रु.)								
माथि उल्लेखित विवरणहरु ठिक साचो हो, झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार छु/छौं ।								

नोटः आवेदकको योगदानमा जग्गाको मुल्य र चालु खर्च समावेस गर्न पाईने छैन ।

प्रस्तावकको नाम थरः

दस्तखतः

पदः

मितिः

संस्थाको छापः

अनुसुची ४

दफा ५ (ख) सँग सम्बन्धित

लागत साझेदारीको प्रतिवद्धता पत्र

मितिः .....

श्री .....

.....

विषयः लागत साझेदारी प्रतिवद्धता पत्र ।

महोदय,

शंखरापुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय पशु विकास उप-शाखाको आ.व. ...../..... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०...../...../.....गते प्रकाशित सूचना अनुसार शंखरापुर नगरपालिका वडा नं .....को.....गाउँ/टोल स्थायी ठेगाना भएको म/हामी.....ले.....कार्यक्रम सञ्चालनका लागि पेश गरेको व्यवसायीक योजना र लागत ईष्टिमेट अनुसार अनुमानित कुल लागत रु. ..... को २५ प्रतिशतका दरेले हुन आउने रकम रु. ..... (अक्षरेपी .....) बराबरको स्व-लगानी आफनो आन्तरिक श्रोतबाट व्यहोर्ने गरी कार्यक्रम सम्पन्न गर्ने प्रतिवद्धता जाहेर गर्दछु/गर्दछौं ।

दायाँ	बायाँ

निवेदकः

दस्तखतः

मितिः

नाम थरः

पदः

संस्थाको छापः

अनुसुची ५

दफा ९ (क) सँग सम्बन्धित

<u>७५ प्रतिशत अनुदानमा सञ्चालन हुने कार्यक्रमको द्विपक्षीय सम्झौता पत्र</u>

शंखरापुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, साँखु काठमाडौँको आर्थिक बर्ष..... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारीमा .... कार्यक्रम सञ्चालन गर्न श्री शंखरापुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, साँखु, काठमाडौँ (यस पछी प्रथम पक्ष भनिने) र श्री ..... (यस पछी दोश्रो पक्ष भनिने) बीच तपसिल बमोजिमका शर्तहरु पालना गर्ने गरी द्विपक्षीय सम्झौता गरी दियौं/लियौं ।

ईति संवत्.....साल .....महिना .....गते .... रोज शुभ्म ।

तपसिलः

१. दोश्रो पक्षले प्रस्तावमा प्रस्ताव गरे बमोजिमको कार्यक्रम ..... समय अवधि भित्र सम्पन्न गर्नुपर्नेछ ।

२. आयोजनाको कुल लागत रकमको .....प्रतिशतले हुन आउने अनुदान रकम रु. ..... अक्षरेपी ..... मात्र हुनेछ ।

३. कार्यक्रम सञ्चालनका लागि आवश्यक कार्य, ढुवानी र सञ्चालन आदिको व्यवस्था दोश्रो पक्षले गर्नेछ ।

४. दोश्रो पक्षले प्रस्तावमा प्रस्तावित कार्य सम्पन्न गरी सकेपछी नियमानुसारको बिल कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजात प्रतिवेदन र आवश्यक अन्य कागजात सहित भुक्तानीको लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात् स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दोश्रो पक्षको बैकँ खातामा एकमुष्ट भुक्तानी दिनेछ ।

५. प्रथम पक्षले कुनैपनि बखत सञ्चालित कार्यको अनुगमन निरीक्षण गरी सम्झौता मुताविक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह/सुझाव दिन सक्नेछ ।

६. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन मर्मत संभार, व्यवस्थापन, जोखिम, दिगोपनका लागि गरिने कार्यहरु तथा अप्रत्यासित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोश्रो पक्षको हुनेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान कुनै कुरामा हेरफेर वा परिमार्जन गर्नु परेमा दुवै पक्षको आपसी सहमती अनुसार हुनेछ ।

८. सम्झौतामा उल्लेख नभएका विषयको हकमा प्रचलित कानुन र दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

९. दोश्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत प्रस्ताव पत्र मुताविकको कार्य नगरेको खण्डमा प्रथम पक्ष भुक्तानी दिन बाध्य हुने छैन ।

पहिलो पक्षः	दोस्रो पक्षः
नामः	नामः
पदः	पदः
ठेगानाः	ठेगानाः
दस्तखतः	दस्तखतः
मितिः	मितिः
	सम्पर्क नं.:

रोहबर १	रोहबर २
नामः	नामः
दस्तखतः	दस्तखतः

अनुसूची ६

(दफा ६ सँग सम्बन्धित)

समग्र कार्यक्रम सञ्चालनका लागि संस्थाको प्रारम्भिक प्रस्ताव छनौट गर्दा अपनाईने मूल्याङ्कन आधारहरु

क्र.सं.	द.नं.	आवेदक संस्थाको नाम ठेगाना	व्यावसायिक कार्य योजना (२५)	व्यवसायको सम्भाव्यता / उपयुक्तता (२०)	अनुभव/तालिम,शैक्षिक योग्यता (१०)	क्षमता (२०)	पूर्वाधार विकास तथा विस्तार गर्न सकिने अवस्था (१५)	जैविक तथा पर्यावरणीय सूरक्षा विधि (१०)	कुल प्राप्ताङ्क (१००)	कैफियत

अनुसुचि ६.१

छनौट गर्दा अपनाईने मूल्याङ्कनका थप आधारहरु

क्र स.	कार्यक्रम छनौट तथा मूल्याङ्कनका आधारहरु	अङ्क	प्राप्ताङ्क
१.	१.१ माउ पशु संख्या (गाई/भैंसी)	१ वटाको लागि -१० २-३ वटाका लागि -१५ ३ वटा भन्दा बढी - २०	
	१.२ माउ पशु संख्या (बाख्रा/बंगुर)	५ वटासम्मको लागि -१० १०-२० वटाका लागि -१५ २० वटा भन्दा बढी -२०	
२.	जग्गा	१ रोपनी भन्दा कमका लागि -५ १ रोपनी देखि १० रोपनी सम्म -१० १० रोपनी भन्दा बढी -१५	
४.	सम्बन्धित विषयमा तालिम लिएको	क. ७ दिन वा सो भन्दा बढी तालिम लिएको-१० ख. ७ भन्दा कम अवधिको तालिम लिएको- ५	
५.	अघिल्लो आ.व. मा कुनै कार्यालयबाट अनुदान नलिएको/लिए	नलिएको — १० उल्लिखित कार्यक्रम भन्दा फरक प्रकृतिको कार्यक्रम गर्नको लागि लिएको ५-	
६.	लक्षित वर्ग	सिमान्तकृत १५, दलित र जनजाति १०,अन्य - ५	
७.	प्रस्तावकको मुख्य पेशा	क. मुख्य पेशा भएमा - १० ख. सहायक पेशा भएमा ५	
८.	फर्म दर्ता	भएको- १० नभएको -५	

आज्ञाले,

चुरामणि पन्थी

शंखरापुर नगरपालिकाको

प्रमुख प्रशासकीय अधिकृत